मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

फोन नं ०४१-५२०१४८ /५२३७३९
इमेलः akcdhanushai@gmail.com

मधेश प्रदेश सरकार
भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा
जनकपुरधाम,नेपाल

पत्र संख्या : २०८०/८१
च न

मिति २०८० /१० /१४

प्रथम पटक प्रकाशित २०८०/१०/१५

## सुचना ! सुचना ! सूचना !

आ.व. २०८०/८१ मा कृषि ज्ञान केन्द्र धनुषाले ब्यबसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम प्राथमिकता प्राप्त बालीमा १ वटा संचालन गर्नु पर्ने भएकोले इच्छुक कृषक /कृषि समुह/कृषि सहकारी/जल, वन उपभोक्ता समिति/कृषि फर्म/ कृषि उधमीहरुले आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अर्थात २०८०/१०/२९ सम्म ) यस केन्द्रमा तोकिएको ढांचा अनुसार आवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो प्रथम पटक सुचना प्रकाशित गरिएको छ । साथै यस विषयमा थप जानकारीको लागि फोन ०४१-५२०१४८ र केन्द्रको वेबसाईट akcdhanusha.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

निवेदन दर्ता हुने स्थान : कृषि ज्ञान केन्द्र धनुषा

शर्तहरुः

**१. ब्लक को लागि क्षेत्रफल /संख्या को न्युनतम आधारः**

खाधान्न बालीको लागि २२५ बिगाहा
तरकारी बालीको लागि १२० बिगाहा
दलहन ,तेलहन, मसला बाली को लागि १५० बिगाहा
फलफूल बाली को लागि १५० बिगाहा

**२. निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु :**

१. सम्बन्धित निकायमा कृषि समुह /कृषि सहकारी/ संस्था /समिति/कृषि फर्म दर्ता तथा नवीकरण भएको प्रमाण पत्र को प्रतिलिपि ।
२. कार्यक्रम संचालन हुने स्थान (जग्गा जमिन ) को स्वामित्व खुल्ने जग्गाधनी पुर्जाको प्रतिलिपि, भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको सम्झौतानामा ।
३. निवेदक को नागरिकता /परिचय खुल्ने प्रमाण पत्र को प्रतिलिपि ।
४. कार्य समितिको निर्णय को प्रतिलिपि ।
५. बाली अनुसार को न १ अनुसार क्षेत्रफल यकिन गर्न सकिने कागजातहरु

**३. ब्लक अन्तरगत संचालन हुने कार्यक्रमहरुः**

क्षमता विकास कार्यक्रम --अभिमुखीकरण कार्यक्रम , स्थलगत तालिम
प्रविधि तथा प्राविधिक सहयोग --प्रविधि प्रदर्शन , माटो व्यबस्थापन , वाली संरक्षण सेवा, बिउ उपचार , बगैचा सुदृढिकरण
उत्पादन सामग्रीमा सहयोग -क्षेत्र विस्तार, बीउ श्रोत केन्द्र स्थापना , शेड हाउस, ग्रीन हाउस ,स्क्रीन हाउस , नेट हाउस , आदि
कृषि औजार उपकरण : पावर टिलर, थ्रेषर, रिपर, मिनी टिलर, आदिमा अनुदान
पोष्टहर्भेष्ट सेन्टर स्थापना
नर्सरी पूर्वाधार विकास सहयोग
साना सिंचाई कार्यक्रम,आदि

•जोन तथा पकेट लागु भएका पालिकाका वडाहरु / क्षेत्रहरु, विगतमा ब्लक बिकास कार्यक्रम संचालन भई सकेका स्थानमा यो कार्यक्रममा समावेश गरिने छैन।

डा. रामचन्द्र यादव
बरिष्ठ कृषि विकास अधिकृत (दशौं तह)

डा. रामचन्द्र यादव
प्रमुख
[illegible] तह दशौं

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

फोन नं ०४१-५२०१४८ /५२३७३१
इमेल akcdhanushai@gmail.com

पत्र संख्या : २०८०/८१
च न

मिति २०८० /१० /१४

प्रथम पटक प्रकाशित २०८०/१०/१५

सुचना ! सुचना । सूचना ।

आ.व. २०८०/८१ मा कृषि ज्ञान केन्द्र धनुषाले कृषि वजार पूर्वाधार विकास कार्यक्रम संचालन गर्ने भएकोले इच्छुक कृषि समुह/कृषि सहकारी/जल, बन उपभोक्ता समिति/कृषि उधमीहरुले आवश्यक नक्सा, डिजाइन, लागत अनुमान र आवश्यक कागजात सहित यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र (अर्थात २०८०/१०/२९ सम्म ) "कृषि वजार पूर्वाधार विकास कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि २०८०" को अनुसुचि २ अनुसार प्रस्ताव तयार पारी शिलवन्दी गरी यस केन्द्रमा प्रस्ताब दर्ता गर्नु हुन सम्बन्धित सबैमा जानकारीको लागि यो प्रथम पटक सुचना प्रकाशित गरिएको छ ।अनुदान रकम कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६ अनुसार अधिकतम सिमा कायम हुनेछ । साथै यस विषयमा थप जानकारीको लागि फोन ०४१-५२०१४८ र केन्द्रको वेवसाईट akcdhanusha.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

**कार्यक्रम को नाम १. कृषि वजार पूर्वाधार बिकास कार्यक्रम २. प्रत्येक जिल्लाहरुमा एकीकृत वजार विकास कार्यक्रम ३. वेली बजारमा पूर्वाधार निर्माण हँसपुर न पा ३**

**निवेदन दर्ता हुने स्थान : कृषि ज्ञान केन्द्र धनुषा**

**कृषि बजार पूर्वाधार बिकासको लागि पालना गर्नु पर्ने मापदण्ड एबम शर्तहरु**

क. प्रस्तावित पूर्वाधार निर्माणको लागि उपयुक्त हुने जग्गा एकिन भएको हुनु पर्ने
ख. निर्माण हुने संरचना अनुसार अनुसूची १ वमोजिम आवश्यक न्युनतम क्षेत्रफल हुनु पर्ने
ग. प्रस्तावित जग्गामा बाटो, ढल निकास , पानि तथा विजुली जस्ता आवस्यक पूर्वाधार सुविधा पुगेको

**कृषि वजार पूर्वाधार बिकासका लागि आवस्यक न्युनतम क्षेत्रफल र आवश्यक संरचना**

| क स | कृषि वजार पूर्वाधारको प्रकार | न्युनतम आवस्यक क्षेत्रफल | आवश्यक संरचनाहरु |
|---|---|---|---|
| १ | कृषि उपज संकलन केन्द्र /कृषि हाट वजार | १ कठा | भण्डारण सुविधा, वजार शेड, सौचालय, खानेपानी |
| २ | कृषि हाट वजार संकलन केन्द्र सहितको | ३ कठा | वजार सेड, वजार सूचना केन्द्र , कार्यालय सौचालय, खानेपानी ,भण्डारण सुविधा |
| ३ | प्रादेशिक कृषि वजार /थोक वजार | १० कठा | भण्डारण घर , एप्रोच सडक ,वजार सेड ,वजार सूचना केन्द्र, कार्यालय सौचालय , घेरबेरा,,कार्यालय सौचालय , फोहोरमैला व्यवस्थापन सम्बन्धि संरचना |

डां. रामचन्द्र यादव
प्रमुख
रा.प्र द्वितिय ... दर्शौ

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

फोन न ०४१-५२०१४८ /५२३७३१,
इमेल akcdhanushai@gmail.com

पत्र संख्या :२०८०/८१
च न

मिति २०८० /१० /०४

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा
जनकपुरधाम, नेपाल

# कृषि सडक निमार्ण कार्यक्रम सम्बन्धि सुचना ।।।

प्रथम पटक प्रकाशन मिति :२०८०।१०।०५

"कृषि क्षेत्रमा अनुदान परिचालन कार्यविधि २०७६" र "कृषि सडक निमार्ण कार्यक्रम प्राविधिक मापदण्ड तथा संचालन विधि २०८०" मा व्यवस्था भए बमोजिम आ.व. २०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस जिल्लाका इच्छुक स्थानीय तह, उपभोक्ता समिति, कृषि उत्पादनमा संलग्न कृषक समूह, कृषि सहकारी, कृषि फर्म, कृषि उद्यमी, कम्पनीको साझेदारीमा कृषि सडक (कम्तिमा १३ फिट देखि अधिकतम २४ फिट सम्म चौडाई भएको निर्धारित लम्वाईमा माटो र ग्रेभल बाटो) निर्माणको लागि तोकिएको ढाँचामा तपसिल अनुसारको कागजातहरु संलग्न राखी २०८०।१०।२५ गते सम्म (२१दिन) भित्र यस कृषि ज्ञान केन्द्र धनुषामा आई पुग्ने गरी खामवन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । रित नपुगेको वा म्याद नाघी प्राप्त हुने प्रस्ताव छनौटका लागि समावेश हुने छैन । प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने लगायतका यस सुचना संग सम्बन्धित सम्पूर्ण अधिकार यस कृषि ज्ञान केन्द्रमा सुरक्षित रहनेछ । यस सम्वन्धमा थप जानकारी र आवेदन पत्रको ढाँचा यस कार्यालयको वेव साइट (akcdhanusha.gov.np) बाट प्राप्त गर्न सकिनेछ ।

तपसिल

१. कृषि सडक निर्माण अनुदान मांग गर्ने (फारम नं.२ बमोजिम ढाँचामा रु.१० को टिकट टाँस भएको) ।

२.ओयोजना प्रस्ताव (उदेश्य, औचित्य, सम्भाव्यता, सेवा प्राप्त हुन क्षेत्रफल, लाभग्राही, आयेजनाको शुरु र अन्तिम विन्दु खुल्ने GPS Code सहितको सामान्य नक्सा तथा मुख्य मुख्य क्रियाकलापहरु, सडकको लम्बाई , अनुमानित ह्युम पाइप र कल्वार्टको संख्या नक्सामा देखाइएको संक्षिप्त विवरण ।

३. आयेजनाको इन्जिनियरिग डिजाइन (ड्रविंग, स्पेशिफिकेशन) र लागत अनुमाण NEC दर्ता नम्बर सहितको इन्जिनियरबाट तयार गरिएको हुनु पर्नेछ । लागत अनुमानमा साझेदारी (न्युतम १५ % हुनु पर्ने) र श्रोत खुलाउनु पर्ने ।

४. कृषि सडक निमार्ण हुने जग्गामा बाटो कायम रहेको वा नयाँ निर्माण गर्नु पर्ने खुलाउनु पर्नेछ ।यस्तो बाटो नक्शामा कायम भएको हुनुपर्ने ।प्रस्तावित आयोजनामा पर्ने जग्गाको कित्ता न खुलेको नक्सामा लगत कटा गर्दा दावी बिरोध नगर्ने व्योहोरा समाबेश भएको लिखित मन्जुरीनामामा सम्बन्धित जग्गाधनीको सहिछाप भएको हुनु पर्ने र सो विवरण स्थानीय तहबाट प्रमाणित गरि पेश गर्नु पर्ने ।

५. कृषि सडक आयोजनाले प्रत्यक्ष छोएको जग्गाधनीहरुको छलफल तथा निर्माणको माइन्युट तथा लाभग्राहीहरुको आमभेलाले नियमानुसार उपभोक्ता समिति गठन विवरण, कृषि सडक आयोजनामा पर्ने

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

फोन नं ०४१-५२०१६८ /५२३७३१
इमेल akcdhanusha@gmail.com

पत्र संख्या : २०८०/८१
च न

मिति २०८० /१० /०४

जग्गा धनीहरुको सक्कल मंजुरिनामा, आन्तरिक अनुगमन समिति गठन गरेको निर्णयको प्रतिलिपि, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि र सम्वन्धित स्थानीय तहवाट प्रमाणीकरण भएको हुनुपर्ने ।

६.कृषि उत्पादनमा संलग्न संस्थाको हकमा दर्ता र नवीकरण भएको प्रमाण पत्रको प्रतिलिपि ,स्थाई लेखा नं. लिएको प्रमाणपत्रको प्रतिलिपि, चालु आ.व. को कर चुक्ता प्रमाण, आवेदन दर्ता गर्न अख्तियारी प्राप्त प्रतिनिधिको नागरिकता प्रमाण पत्रको प्रतिलिपि, निर्णयको प्रतिलिपी तथा अख्तियारी पत्र ।

७.प्रस्तावित जग्गामा कृषि सडक निमार्ण गर्न स्वीकृत दिइएको व्यहोरा खुलेको स्थानीय तहको सिफारिस । प्रस्तावित कृषि सडक आयोजनाको स्थान अन्य कुनै निकायको कार्यक्रममा समावेश वा छनौट नभएको वा अन्य कुनै पनि निकायवाट यस आयोजनामा लागानी नभएको वा नहुने व्योहोरा खुलाएको सम्बन्धित स्थानीय तहको कार्यालयबाट जारि भएको सिफारिस पत्र ।

८. प्रस्तावित कृषि सडक आयोजनाको कार्यान्वयनवाट कृषि उत्पादनमा पर्ने प्रभावको विस्तृत विवरण संगलग गर्ने ।

९. कृषि ज्ञान केन्द्र धनुषाले आवश्यक ठानेमा छनौट वा सम्झौता चरणमा आयोजना निर्माण सम्वन्धी थप कागजातहरु मांग गरेमा पेश गर्नु पर्ने छ ।ती कागजात बुझाउन नसके सम्झौता गरिने छैन ।

कृषि ज्ञान केन्द्र धनुषा
डा. रामचन्द्र यादव
प्रमुख

# कृषि सडकको लागि अनुदान प्रस्ताव गर्ने आवेदनको ढाँचा

**क.प्रस्तावकको विवरण**

१.प्रस्ताव पेश गरेको कार्यालयको नाम र ठेगाना श्री

२.प्रस्तावको नाम :

सम्पर्क टेलिफोन नं. मोबाईल नं. :

ईमेल :

३. प्रस्तावको किसिम (√) चिन्ह लगाउने ।

३.१ स्थानीय तह

३.२ उपभोक्ता समिति

३.३ कृषि कार्यमा संलग्न कृषक समूह कृषि सहकारी फर्म उद्यमी कम्पनी

४ ठेगाना:जिल्ला

५.प्रस्तावक संस्थाको दर्ता प्रमाणपत्र नं.: दर्ता भएको निकाय :

भ्याट,पान दर्ता नं.: दर्ता मिति :

**ख. आयोजना को विवरण**

१.आयोजनाको नाम :

२. आयोजनाको उदेश्य :

३.आयोजनाको अनुमानित कुल लागत :

४.आयोजना कार्यान्वयनमा साझेदारहरुको अनुपात वा हिस्सा रकम :

५.प्रदेश सरकारले अनुदान मार्फत व्यहोर्ने रकम :

६. आयोजना स्थलको विवरण

६.१. जिल्ला सदरमुकाम देखिको दुरी कि.मि.

६.२.आयोजना संचालन हुने जग्गा स्वामित्वको किसिम :

६.३.आयोजना सक्ष्लको जिपिएस कोड : अक्षांस देशान्तर

६.४.विद्यमान सडकको अवस्थामा कति माटो र ग्रेभल हाल्नु पर्ने र लम्वाई कति हुने :

माटो(फिट)- ग्रेभल(फिट)- प्रस्तावित लम्वाई(मिटर)-

७.ओजना सम्पन्न गर्न लाग्ने अनुमानित समय :

CS CamScanner

८. यस भन्दा पहिले यस क्षेत्रमा कृषि पूर्वाधार निमार्णको लागि अनुदान प्रात भएको छ/छैन

९.अनुदान प्राप्त भएको छ भने सोको विवरण :

| अनुदान प्राप्त गरेको वर्ष | के को लागि प्राप्त भएको | कति रकम | कुन संस्थावाट प्राप्त भएको |
|---|---|---|---|
| | | | |

१०. आयोजनावाट लाभान्वित हुने लक्षित समुदायको घरधुरी संख्या

| पुरुष | महिला | दलित | जनजाती | मुस्लिम | अन्य |
|---|---|---|---|---|---|
| | | | | | |

११. आयोजना सम्पन्न भए पछिका अपेक्षित उपलब्धीहरु

१२. यस आयोजनाको लागि यो प्रस्ताव पत्र साथ संलग्न लागत अनुमान अनुसार यस आयोजनाको कुल लागत रु. ..................को प्रतिशतले हुन आउने रु. अक्षरेपी वरावरका साझेदारी रकम हामी प्रस्तावकले वेहोरी कार्यक्रम सम्पन्न गर्न प्रतिबद्धता जाहेर गर्दछु। उक्त रकम देहायका श्रोतबाट प्राप्त हुनेछ।

सही :

CS CamScanner

१३.संलग्न कागजातहरु

<table>
<tr><th>(√) चिन्ह लगाउने</th><th>संलग्न कागजातहरु</th><th>कार्यालयले रुजु गर्नुे प्रयोजनको लागि मात्र</th></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">मधेश प्रदेश, कृषि ज्ञान केन्द्र,धनुषाको कार्यक्रमको सुचना अनुसारका शर्तहरु पालन गर्ने गरी यो प्रस्ताव पेश गरेको छु । यस कार्यक्रमको उदेश्य संग मेरो/हाम्रो कुनै प्रकारले स्वार्थ बाझिने अवस्था रहेको छैन । यस आयोजनाको लागि अरु कुनै पनि निकाय संग अनुदान माग गरेको छैनौं । मैले/हामीले अनुदान प्राप्त गर्न कार्यालयमा कुनै प्रकारले पहुच,प्रभाव पार्न खोज्ने छैन । सो गरेको पाईएमा कार्यालयले आवेदन रद्द गर्न सक्ने कुरामा हाम्रो पूर्ण मन्जुरी रहेको छ । यसमा उल्लेख गरेको विवरण सत्य सांचो हो झुठो ठहरे बमोजिम<br><br>आवेदकको सही :<br>आवेदकको नाम र पद :<br>ठेगाना :<br><br>फार्म संस्थाको छाप</td><td>रुजु गर्नेको दस्तखत<br><br>रुजु गर्नेको नाम र पद<br><br>कार्यालयको नाम</td></tr>
</table>

CamScanner